Rupantaran : A Multidisciplinary Journal
Vol. IV : pp 199-206, October, 2020
ISSN : 2091-0061
https://doi.org/10.3126/rupantaran.v4i1.34217
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# मनकोइला रानी गाथामा वैचारिकता

ईश्वरा पौडेल[१]
*इमेल : ishwaraojha@gmail.com*

## सार

*प्रस्तुत आलेख'मनकोइला रानी'गाथाका वैचारिक विश्लेषणमा आधारित छ । वैचारिकता क्षणमा आधारित युगको विचार बोक्ने वैचारिक चिन्तन हो । यसले समाजका विचार, मूल्यमान्यता, नीतिनियम, संस्कार,संस्कृतिको स्वीकृतिमूलक अध्ययन गर्छ । यो सांस्कृतिक अध्ययनको आधारशीला हो । यहाँ एच.ए.तेनको समाजपरक अध्ययनको जाति, पर्यावरण र क्षणमध्ये क्षणकेन्द्रित मान्यताका आधारमा 'मनकोइला रानी' गाथामार्फत् तत्कालीन नेपाली समाजका विचार रसामाजिक मूल्यमान्यताको अध्ययन गरी तथ्यपरक निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । यस लेखका लागि सामग्री सङ्कलन गर्न पुस्तकालयीय विधि, सामग्री विश्लेषणका लागि निगमन विधि र लेख प्रस्तुतीकरणमा वर्णनात्मक विधि अवलम्बन गरिएको छ । यहाँ वर्णनात्मक विधिको प्रयोग गरी गाथामा पाइने तथ्यका आधारमा समाजमा वर्ग, लिङ्ग, धर्म र संस्कृतिको कारणले बनेका सामाजिक विचारहरूको विश्लेषण गरिएको छ । तत्कालीन समाजको उच्च वर्गीय वर्गगत विचार, लिङ्गगत, धार्मिक र सांस्कृतिक विचारका कारण निम्न वर्ग, नारीहरू, गैह्रहिन्दूहरू अल्पसङ्ख्यक बन्न वाध्य छन् । उनीहरूले सामाजिक र दैनिक गतिविधि, सामाजिक कार्यमा उच्च शक्तिले नियन्त्रण गरेको विचारमा आधारित रहेको छ । यस्तो सामाजिक नियन्त्रणमा उच्च वर्ग, पितृसत्ता र हिन्दू धार्मिक तथा सांस्कृतिक विचार र यिनका आधारमा निर्मित सामाजिक नियमको प्रमुख भूमिका रहेको छ ।*

**मुख्य शब्दावली** : हैकमवाद, पितृसत्ता, स्वीकृतिमूलक, समाजपरक, वैचारिकता

## परिचय

'मनकोइला रानी' गाथामा चित्रित विचार पक्षको खोजी गर्नु यस आलेखको अभीष्ट रहेको छ । साहित्य समाजको चित्रण भएको विधा हुनाले यसमा विचारको अस्तित्व हुन्छ । लोकसाहित्यमा पनि यही कुरा लागू हुन्छ । 'मनकोइला रानी गाथामा वैचारिकता' शीर्षकमा तयार भएको प्रस्तुत आलेखमा मनकोइला रानी गाथामा तत्कालीन समाजका के कस्ता विचारहरू अभिव्यक्त भएका छन् भन्ने समस्यालाई मुख्य रूपमा लिइएको छ । यही समस्यामा आधारित रही गाथामा भएको तत्कालीन क्षणको विश्लेषण र समाजमा रहेका विचार पक्षको विश्लेषण गर्नु यस आलेखको उद्देश्य रहेको छ । सामाजिक, सामूहिक भावनाको अभिव्यक्ति 'मनकोइला रानी' सामाजिक जीवनसङ्घर्षको विषयवस्तुमा आधारित गाथामा नेपाली समाजमा रहेका वर्ग, जाति, नारीविभेद, उत्पीडिन र शोषणको चित्रण रहेको छ । त्यसैले 'मनकोइला रानी' गाथामा रहेको वैचारिकताको विश्लेषण गरी निष्कर्षमा पुग्नु जरुरी हुन्छ ।

---

१. लेखक त्रि.वि.भोजपुर बहुमुखी क्याम्पस, भोजपुरमा नेपाली विषयको उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

पश्चिममा क्षण वा विचारसम्बन्धी सिर्जना तथा समालोचनाका क्षेत्रमा प्रशस्त लेखन भएका छन् । यस क्षेत्रमा कलम चलाउने व्यक्तिहरू अल्वर्ड गेरार्ड, डायना लरेन्सन र एलेन सिङउड, मेनेजर पाण्डे, निर्मला जैन, बच्चन सिंह, एम.एच अब्राहम्स हुन् । यस्तो लेखन वैचारिक मान्यताको सैद्धान्तिक प्रतिपादन तथा सोही मान्यताका आधारमा कृतिको विश्लेषणमा केन्द्रित रहेको छ । नेपाली भाषामा साहित्यको समाजशास्त्रीय अवधारणाका सैद्धान्तिक विषयमा बासुदेव त्रिपाठी, कृष्ण गौतम, मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, ताराकान्त पाण्डेय आदि लेखकले अध्ययन गरेका छन् । यी अध्ययन कार्यले वैचारिक मान्यताको सैद्धान्तिक पक्ष निर्धारण गर्न सहयोग मिलेको छ तर यी अध्ययनहरू 'मनकोइला रानी' गाथामा निहित रहेको वैचारिक विषयमा केन्द्रित नरहेकाले यस विषयमा अध्ययन हुन बाँकी रहेको देखिन्छ । आजसम्म लोकसाहित्यलाई समाजशास्त्रीय अवधाणामा आधारित भएर त्यसमा निहित विचार पक्षको अध्ययन भएको पाइँदैन । यही अनुसन्धान रिक्ततालाई पूरा गर्न आवश्यक ठानी प्रस्तुत लेख तयार पारिएको छ ।

प्रस्तुत लेखले 'मनकोइला रानी' गाथाभित्र चित्रित समाजमा रहेको विचारका विषयमा जानकारी प्रदान गर्छ । यहाँ 'मनकोइला रानी'गाथामा चित्रित समाजको वैचारिक दृष्टिले अध्ययन गरी समाजमा वर्ग, जाति, लिङ्ग, धर्म, संस्कृतिका कारण निर्माण भएको विचारको चिरफार गरिएको हुनाले यस लेखको औचित्य पुष्टि हुन्छ । यसले लोकसाहित्यको विविध विधामा रहेको विचार पक्षको अध्ययन गर्न चाहने अध्येता-लेखकका लागि सहयोग पुग्ने विश्वास लिइएको छ ।

कृतिमा अभिव्यक्त सामाजिकता भनेको मान्छे बाँचेको धरातल रउसको सामाजिक चेतना हो । मान्छेको सामाजिक धरातलको वैज्ञानिक अध्ययन विश्लेषण र मूल्याङ्कन गर्ने विधि साहित्यको समाजशास्त्र हो । समाजमा धार्मिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, धार्मिक कुराको संश्लेषण हुन्छ । साहित्यमा समाजभित्र रहेका सम्पूर्ण पक्षको एकीकृत रूपमा प्रस्तुत हुन्छ । लोकसाहित्यभित्र समाजको सामूहिकता लुकेको हुन्छ । विश्व इतिहासमा समाजशास्त्रका पिता अगस्ते कोम्ते भए पनि साहित्यको समाजशास्त्रलाई सैद्धान्तिक आधार दिनेकाम हिप्पोलाइट तेन (सन् १८२८-१८९३)ले गरेका छन् । तेनले साहित्यलाई समाजको दर्पणका रूपमा प्रत्यक्षवादी विधेयवादी सिद्धान्तको स्थापना गरे । तेनका अनुसार एक युगमा कुनै विचारको प्रधानता रहेको हुन्छ, अनि विचारले एक किसिमको बौद्धिक ढाँचा निर्माण रहेको हुन्छ, जसले सम्पूर्ण समाजकै चिन्तनलाई प्रभावित गरेको हुन्छ (पाण्डेय, १९८९,पृ. १२५) । एक समयको साहित्यले एउटा युगको प्रतिनिधित्व गरिरहेको हुन्छ । तेनका अनुसार एउटा युगमा बौद्धिक साँचोको रूपमा कुनै विचारको प्रधानता रहेको हुन्छ (जैन, १९९२, पृ. २३) । तेनको प्रत्यक्षवादी सिद्धान्तभित्र क्षण,जाति र पर्यावरण प्रमुख सूचक रहेका छन् ।

तेनप्रतिपादित साहित्यको समाजशास्त्रीय अध्ययनको महत्यपूर्ण आधार क्षण हो । कुनै पनि साहित्यकार तथा कलाकारले आफूले बाँचेको युगको प्रतिबिम्ब साहित्यमा अभिव्यक्त हुन्छ भन्ने तेनले साहित्यकारहरू युगको वास्तविकतालाई उजागर गर्ने माध्यम मानेका छन् (क्षेत्री, २०६४, पृ. २३) । तेनका अनुसार ऐनामा मानिसको प्रतिबिम्ब देखिएझैँ युग र कालखण्डको प्रतिच्छायाँ साहित्यमा रहेको हुनाले साहित्यमार्फत् समाजको युग वा क्षणको अध्ययन गर्न सकिन्छ भन्ने मान्यता राख्छन् (चौहान, २०७३, पृ. ७२) । साहित्यको सिर्जना साहित्यकारको जीवनको महत्त्वपूर्ण क्षणका प्रेरणाबाट हुन्छ । साहित्यकार साहित्यिक रचनाका लागि प्रेरित हुने त्यस्ता क्षणहरूलाई तेनले प्रेरक क्षण मानेका छन् (शर्मा र लुइटेल, २०७२, पृ. १२९) । लोकसाहित्य साझा सम्पत्तिका रूपमा प्रचलनमा आए पनि कुनै खास क्षणको प्रभावमा एक वा अनेक व्यक्तिले रचना गरेको हो । 'मनकोइला रानी' गाथाको हकमा पनि यही तथ्य लागू हुन्छ । यहाँ तेनको क्षण वा विचारसम्बन्धी मान्यताका आधारमा गाथाको विश्लेषण गरिएको छ ।

## विधि तथा सामग्री

'मनकोइला रानी' गाथामा चित्रित सामाजिक विचार तत्कालीन समयमा रहेको समाजका मूल्यमान्यता, नीति संस्कार र परम्परा हुन् । गाथाका आधारमा नेपाली समाजमा रहेका वैचारिक मान्यताहरूको खोजी गर्नु यस आलेखको अभीष्ट रहेको छ । प्रस्तुत आलेखमा 'मनकोइला रानी' गाथाका माध्यमबाट तत्कालीन समाजमा रहेकावैचारिक मूल्यमान्यताहरू कस्ता छन् ? र तिनले कस्तो सामाजिक संरचनाको निर्माण गरेका छन् ? भन्ने समस्यामा आधारित रही गाथाका माध्यमबाट अभिव्यक्त भएको वैचारिक मान्यता र यसको निर्माण गरेको सामाजिक संरचनाको पहिचान गर्ने उद्देश्य राखिएको छ । यही उद्देश्य पूरा गर्न विषयको सैद्धान्तिक आधारसम्बन्धी सामग्रीको सङ्कलन गर्न पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । अध्ययनका क्रममा विभिन्न विद्वान्का सैद्धान्तिक विषयका पुस्तक तथा लेखलाई लिइएको छ । विश्लेषणका लागि 'मनकोइला रानी' को गाथा मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको 'लोकवार्ता विज्ञान र लोकसाहित्य' पुस्तकबाट लिइएको छ । गाथामा रहेका विचारहरूलाई चिरफार गर्दै यसमार्फत तत्कालीन समाजको विश्लेषण गरिएको हुनाले यहाँ निगमनात्मक विधिको प्रयोग गरी विषयको विश्लेषण गरिएको छ । यस लेखमा 'मनकोइला रानी' गाथाको समग्र परिवेशबाट प्राप्त साक्ष्यहरूका आधारमा तत्कालीन समाजमा रहेका विचारहरूको मुख्य पक्षको अध्ययन-विश्लेषण गरिएको छ । लेखको प्रस्तुतीकरणमा वर्णनात्मक विधि प्रयोग गरिएको छ । यहाँ गाथामा रहेका कथ्यका आधारमा वर्गगत विचार, लिङ्गगत विचार, संस्कृतिगत विचारलाई आधार बनाएर विश्लेषण गरिएको छ । लेख तयार पार्ने क्रममा एच. ए. तेनको जाति, पर्यावरण र क्षणमध्ये क्षणलाई मात्र गाथामा निहित विचार विश्लेषणको आधार बनाइएको छ । लघु आकारको यस आलेखमा 'मनकोइला रानी' गाथाका विधागत पक्षको विश्लेषण गरिएको छैन । गाथाको कथ्यका आधारमा नेपाली समाजमा व्याप्त वैचारिकताको अध्ययनमा मात्र लेखलाई सीमित गरिएको छ ।

## परिणाम र छलफल

'मनकोइला रानी' किंवदन्ती र लोकविश्वासमा आधारित गाथा हो । यसले तत्कालीन सामाजिक प्रचलन र मान्यताको चित्रण गरेको छ । यस उपशीर्षकमा 'मनकोइला रानी' गाथामा निहित विचार पक्षको वर्ग, लिङ्ग, धर्म र संस्कृतिका आाधरमा विश्लेषण गरिएको छ ।

### आख्यान सन्दर्भ

'मनकोइला रानी' इतिहासबाट होइन, किंवदन्तीबाट सामग्री लिएर तयार भएको गाथा हो । गन्दर्भको श्रुतिपरम्परामा संरक्षित यो गाथा गण्डकी र लुम्बिनी क्षेत्रमा प्रचलित छ । 'मनकोइला रानी' गाथाभित्र बाह्र वर्षका राजा र छ वर्षकी रानीको बिहे भएको छ । यहाँ विवाहपश्चात् राजा विदेशिएका र धेरै लामो समयसम्म घर फर्किएका छैनन् । रानीको उमेर वयस्क भएको छ । रानी आफ्ना श्रीमान्को खोजी गर्न थालेकी छन् । आफ्नो श्रीमान् साथमा नभएकाले विरहका आँसु झार्दाझार्दै उनका चोली र चुनुरी भिजेका छन् । रानी आफ्नो पतिको खोजीमा तल्लीन भएकाले उनलाई ऋतुऋतुमा फुलेका बेली, चमेली फूलहरू समेत निरर्थक लाग्छन् । रानीले आफ्नै छालामा रगतको मसीले चिठी लेखी आफ्ना स्वामीलाई पठाउन काली कागलाई दूतका रूपमा पठाएकी छन् । रानीले राजालाई नभेटीकन खाजासमेत नखानु, खाएमा आफू मरिजाने र त्यसपछि चिठी पुऱ्याए नपुऱ्याए पनि अर्थ नहुने कुरा कागलाई भनेर पठाएकी छिन् । कागको चिठी पाएपछि राजा घर फर्किन्छन् तर जोगीको भेष धारण गरेका राजालाई रानीले चिन्दिनन् । राजाले पनि रानीको चरित्रमाथिको शङ्का गर्दा उल्टै रानीले दिएको दश तोला विष खानुपर्छ । रानीले राजालाई चिनेर घरभित्र लैजाँदा ढोकामै राजाको मृत्यु हुन्छ । त्यसपछि रानी पनि मर्छिन् । यिनै राजारानी अर्को जुनीमा परेवापरेवी भएर जन्मिए भन्ने किंवदन्ती पाइन्छ ।

## वैचारिक सन्दर्भ

### वर्गगत विचार

'मनकोइला रानी'को गाथाभित्र नेपाली समाजमा तत्कालीन समयमा वर्गगत असमानता भएको कुरा उल्लेख छ । यहाँ मनकोइला रानी र राजाको दरबारको प्रसङ्ग खुलाइएको छ । अहिले मात्रै रानी गुफामा बसेको सन्दर्भको चर्चा गरिएको छ, जस्तै :

हजुर गर्नुपर्दैन हाम्रो दरबार अन्तै छ यो भनेको गुफा हो (शर्मा र लुइटेल, २०६३, पृ. २३५) ।

यस गाथाभित्र राजारानी सत्तामा आसिन र उच्च शक्तियुक्त पात्रका रूपमा चित्रित छन् । कोही राजा हो भन्नुको अर्थ त्यतिबेला मात्र सिद्ध हुन्छ जब अर्का प्रजाका रूपमा उससँग सम्बन्ध राख्दछ (पाण्डेय, २०७३, पृ. ५६) । यिनीहरूले आफ्नो राज्यभित्र शासन जमाएको र स्वशक्ति परिचालन गरी प्रजामाथि हैकम जमाएको कुरा गाथाभित्र सङ्केतित छ । यहाँ राजाले अठहत्तर सय गाई दान गर्ने, अठहत्तर सय तीर्थ घुम्ने र अठहत्तर सय ब्राह्मणलाई भोजन गराउनुबाट यो उच्च वर्गको कार्य हो भन्ने बुझिन्छ । नेपालको सन्दर्भमा दुई छाक टार्नसमेत समस्या पर्ने समाजमा यति धेरै दान धर्ममा लगानी गर्नुले उच्च वर्गको प्रतिनिधित्व गरेको छ । उच्च ओहदामा बसेका व्यक्तिले गर्ने हाइफाइ उसको आधारमा भर गर्छ र त्यसैमा अधिरचना वा विचारको निर्माण हुन्छ । समाजमा आधारले अधिरचनाको निर्माण गरेको हुन्छ (बराल,२०७३, पृ.७६) । यहाँ राजा र उनको परिवारले उच्चवर्गीय आधार तयार गरेको देखिन्छ । यस कुराको प्रमाणका लागि तलको तथ्य प्रस्तुत गरिएको छ :

अठहत्तर सय तीर्थ घुमी अठहत्तर सय गाई दान गर्छु
अठहत्तर सय बाहुन खुवाउँछु तबभित्र पसौँला
हजुर तीर्थ जानुभएको छ भनेर जो चाहिने दानपुण्य मैले गरेकी छु (शर्मा र लुइटेल, ऐ. पृ. २३५) ।

'मनकोइला रानी'को गाथाभित्र रानीले आफ्ना राजासँगको भेट होस् भन्ने मनोकामना पूरा गर्नका लागि अठहत्तर सय तीर्थ घुम्न अठहत्तर सय गाई दान गर्न र अठहत्तर बाहुनालाई खुवाउनका लागि निम्न वर्गले गर्न सम्भव देखिँदैन । यहाँ राजाको पाउ धुनका लागि प्रयोग गरिएको चाँदीको कोपरा र सुनको झरीले पनि उच्च वर्गको प्रमाण दिन्छ । तत्कालीन समयमा राजाले राज्य गर्ने र प्रजाहरू राजाको शासनमा बस्नुपर्ने वैचारिक नीति परम्परा थियो । यहाँ राजा राज्यको प्रमुख हुने र राजाकै अधिनस्थतामाराज्य चलेको कुरा अभिव्यक्त छ । यहाँ उच्च वर्गले आफ्ना विचारहरूलाई केन्द्रमा राखेको छ । राजा होस् वा प्रजा, मोक्ष प्राप्तिका खातिर दान धर्म गर्नुपर्छ भन्ने सामाजिक विचार रहेको कुरा यस गाथाले स्पष्ट पारेको छ ।

### लिङ्गगत विचार

'मनकोइला रानी'को गाथाभित्र तत्कालीन समयमा पुरुषसत्ता र शक्तिद्वारा महिलाहरूलाई अन्याय गरेको कुरा देखाइएको छ । नेपाली समाजमा महिला वर्गले स्वतन्त्र र निर्भीक भएर बाँच्न नपाएको कुरा यहाँ व्यक्त गरिएको छ । गाथाभित्र पाँचवर्षकी नाबालिकालाई विवाह गरी अर्काको हातमा सुम्पिनु र आफ्ना स्वामीले समेत छोडेर हिँड्नुले एउटी नाबालिकाले गर्नुपरेको सङ्घर्षलाई गाथाले उजागर पारेको छ । नेपाली समाजमा स्त्रीहरू माथि उठ्ने मार्गहरू बन्द छन् किनभने उनीहरू केही पनि गर्दैनन् । उनीहरू आफूलाई केही बनाउन पाउनमा असमर्थ छन् (बोउवार, २०६०, पृ. ११५) । यस गाथाकी रानीलाई पनि समाजले माथि उठ्ने बाटाहरू बन्द गरिदिएको छ । विवाहपश्चात् राजा विदेसिनु र सम्पर्कविहीन भएर बस्नुले नारी पीडा थपिएको छ । हिन्दू धर्मशास्त्रअनुसार वैवाहिक जीवनलाई सुमधुर बनाउन सँगै बस्नु, हिँड्नु, खानु आदि वाचा विवाहकै दिन गराइएको हुन्छ तर राजाले रानीलाई एक्लै छोडी बेखबर भएरबस्नुले पुरुषसत्ता स्वतन्त्र र स्वाभिमान रहेको पुष्टि हुन्छ । रानी राजाकै खोजीका लागि छालारूपी कागज, मसीरूपी रगत र कलमरूपी कान्छी औँलाको सहायताले चिठी लेखी पठाउँछिन् । उनलाई आफ्ना पति टाढा भएकोमा मानसिक चिन्ता परेको छ, जस्तै :

तेसो भए मैले चिट्ठी लेख्छु, भन्न थालिन् रानीले
आँगैको छाला काढी कागत मैले बनाउँला, रगतको मसी बनाउँला
कान्छी अँगुलीको हरफ बनाई लेखी पठाउँला (शर्मा र लुइटेल, ऐ. पृ. २३५) ।

रानीले राजाको खोजीका लागि छालाको कागज र रगतको मसीले चिठी लेखेकी छिन् तर राजा रानीको सम्झनामा तड्पिएको देखाइएको छैन ।'मनकोइला रानी' गाथाभित्र सूर्य र मर्दको मुखै नहेरी बसेकी भनी रानीलाई चित्रण गरिएको छ । नेपाली समाजमा महिलाले आफ्ना स्वामीबाहेक अन्य कसैको मुख नहेरी बस्नुपर्ने बाध्यता सिर्जना गरेको छ भने राजा गएबसेको ठाउँ र उनले गरेका कुनै पनि कार्यको विवरण गाथाभित्र छैनन् । यसबाट के स्पष्ट हुन्छ भने महिला पुरुषको दमन र शोषणमा परेर गुज्रिएकी छे भने पुरुष स्वतन्त्र र निर्भीक भएर स्वइच्छाले हिँडिरहेको छ । यहाँ सूर्य र मर्दको मुख नहेरी बस्ने नारीमाथि नै चारित्रिक शङ्का गर्नुले महिलाले पुरुषको अधीनस्थ भएर बाँच्नु परेको स्थिति देखिन्छ, जस्तै :

फलाना-फलाना जग्गामा, तेरी रानी सूर्यको मर्दको मुखै नहेरी बसेकी छिन्
अनरूपी जोगिया भै राजा भेट्न आए, आँगनमा अलख जगाए (ऐ. ऐ. पृ. २३५) ।

रानीलाई राजाले चरित्रको परीक्षण गर्नुले पुरुषको चाहिँ चरित्र सधैँ सफा हुने र महिलाहरूमाथि विभिन्न प्रताडना दिने तत्कालीन समयको वैचारिक मान्यतालाई गाथाले समेटेको प्रस्ट हुन्छ । पौराणिक युगमा आउँदा जाति, धर्म र लिङ्गका विभेदकताहरू निकै जटिल रूपमा विकसित बनेका छन् । "यहाँ पुरुषप्रधान समाज भएकोले पुरुषको निर्णय स्वीकार्नु पर्ने सामाजिक बाध्यतालाई महिलाले अनुसरण गरेको देखाइएको छ (सुवेदी, २०७३, पृ. २१४) । तत्कालीन समाजमा पतिका पाउ धोइ शिरतिर पानी चढाउनुले महिलाहरू पुरुषका पाउमुनि छन् भन्ने कुरा देखाएको छ । यसबाट महिलाको सम्पूर्ण अधिकारलाई पुरुषसत्ताले कब्जामा लिएको कुरा स्पष्ट हुन्छ । यस गाथाभित्र प्रयोग भएका राजा चरित्र पुरुषसत्ता र हैकमवादको प्रतिनिधि पात्र हो भने रानी पुरुष शोषणको पीडा भोग्ने महिला प्रतिनिधि पात्र हो, जस्तै :

चाँदीको कोपरा सुनको झारी, पाउ धोईकन शिरैमा चढाउँला (शर्मा र लुइटेल, ऐ. पृ. २३५) ।

'मनकोइला रानी'को गाथाभित्र महिला सशक्तीकरण समेत सङ्केत गरिएको छ । रानीले राजालाई खोज्न अनेकौँ प्रयास गरेको देखाइएको छ । रानीले आफ्नो सत्को परीक्षण गर्न तम्सिएका राजालाई समेत दश तोला विष सेवन गराएकी छिन् तर यो विषसेवनको कार्यले दुवैलाई हानी नोक्सानी पुऱ्याएको छ तथापि आफ्नो सत्का लागि पुरुषको पनि सत् परीक्षण गर्न सक्ने आँटी र हिम्मतिली महिलाका रूपमा परिचित रानीको साहसलाई कम मानिँदैन, जस्तै :

दस तोला विष जोखी जौन पुरुषले खाला, तब दिउँला मेरो बाहुलीको जल
दस तोला विष जोखेर म पुरुषले खान्छु, साहारी ल्याइदेऊ तिम्रो बाहुलीले जल (ऐ. ऐ.) ।

मनकोइला तत्कालीन समयकी महिला भए तापनि आफ्ना हातको पानी खानका लागि दश तोला विष खानुपर्ने अडानका लागि अडिक रहेको कुरा यहाँ उल्लेख गरिएको छ। त्यति मात्रै होइन, यहाँ रानीले पति प्राप्तिको लागि छाला निकालेर आफ्ना शरीरभित्रबाट कलेजो निकाली कागलाई खाजा पठाएको घटनाबाट पुरुषत्वको महत्त्व समाजमा कस्तो हुँदो रहेछ भन्ने विचारको पुष्टि हुन्छ, जस्तै :

तेसो भए अर्नी खर्च दिन लाइन् रानीले, आफ्नो प्राण राजैमा राखीकन
आँतकी कलेजीकाटी भुइँमा झारुँला, टिपिलैजाऊ काली काग (ऐ. ऐ.) ।

'मनकोइला रानी'ले आफ्ना पतिको खोजीका लागि कलेजो झिकी कागलाई खाजा खानु भनी पठाएबाट एउटा महिलाले श्रीमान्का खोजीका लागि गरिएको जोखिमपूर्ण प्रयासलाई देखाइएको छ तर राजाले आफ्नी श्रीमतीको खोजी खबरीका लागि कहिँ कतै कुनै प्रयास गरेको देखाइएको छैन । यसबाट के स्पष्ट हुन्छ भने

पुरुषसत्ता र स्वतन्त्रताका लागि कुनै सीमा परिसीमा प्रयोग गर्ने समाजको निर्माण भएको छैन । राजा सात समुद्रपारि बस्ने तर परिवारको खोजतलास नगर्ने असामञ्जस्यले पुरुषहरू स्वतन्त्र भएर हिँडे पनि महिलाहरूले घर छोडेर हिँड्न नहुने, पतिलाई परमेश्वर हो भन्ने ठान्ने सामाजिक मान्यता र विचारलाई यहाँ प्रस्तुत गरिएको छ ।

**धार्मिक विचार**

'मनकोइला रानी'को गाथाभित्र हिन्दू धर्म र संस्कारलाई प्रस्तुत गरिएको छ । हिन्दू धर्मको मान्यताबमोजिम आँगनमा चन्दन, तुलसीजस्ता धार्मिक वृक्षहरू भएको वर्णनबाट यहाँ हिन्दू धर्मको बढावा गर्न खोजिएको छ; जस्तै :

(१) मालिनीको आँगनमा चन्दनको विरुवा, सोहीमाथि बैढ्यो काली काग (ऐ. ऐ.) ।

(२) अठहत्तर सय तीर्थ घुमी, अठहत्तर साय गाई दान गर्छु
अठहत्तर सय बाहुन खुवाउँछु, तब भित्र पसौँला (ऐ. ऐ.) ।

यस गाथाभित्र हिन्दू धर्मद्वारा आँगनमा चन्दन रोप्ने, लक्ष्मीको प्रतिमूर्तिका रूपमा पुजिने गाई, मोक्ष प्राप्तिका लागि गरिने तीर्थव्रतको चर्चा र बाहुनलाई टन्न खुवाएर पितृहरू पाउनेछन् भन्ने विश्वासको चर्चा गरिएको छ । यहाँ राजाले तीर्थ व्रत गाईदान गरी ब्राम्हणलाई खुवाउनुको पछाडि राजा आफ्नो सत्‌चरित्रमा स्वच्छ थिएनन् भन्ने कुराको पुष्टि हुन्छ होइन भने राजाले त्यत्रा अठहत्तर सय गाई दान गर्न, अठहत्तर सय तीर्थ घुम्नु, अठहत्तर सय ब्राम्हणलाई खुवाउनु र मात्रै घर भित्र पस्नुको पछाडि रहस्यै रहस्यको खात लागेको छ । राजाले आफ्ना घरभित्र पस्नका लागि न त कुनै असल श्रीमती न असहज वातावरण नै बाधक छन्, स्वयम् राजाको आफ्नै मानसिकताले गर्दा मात्रै यी सम्पूर्ण कार्यका लागि राजा तयारी अवस्थामा देखिएका छन् । गाथाभित्र पतिलाई सम्मान र श्रद्धा गर्नु राम्रो हो तर पाउ धोएर श्रीमतीले शिरतर्फ छर्कनु पनि हिन्दू धर्मको परम्पराभित्र पर्छ । महिलाले नारी जातिको निम्ति सम्पूर्ण तीर्थ व्रत दान धर्म त्यसका पुरुष नै हुन्छन् । जो श्रीमतीले श्रीमान्‌लाई हेला अवहेला गर्छे, त्यस्ता नारीलाई अर्को जुनीमा समेत पाप लाग्नेछ भनेर स्वस्थानी व्रतकथा (२०५८, पृ. २६२) मा पनि भनिएको छ । यस गाथामा धार्मिक रूपमा नारीलाई पुरुषसेवीका रूपमा राख्ने विचार राखिएको छ । यस कथाभित्र एउटी नारीले आफ्नो स्वामी बाहेक अन्य कुनै पनि मर्द र सूर्यको मुख सम्म हेर्न नहुने तत्कालीन समयको धार्मिक अनुशासन रहेको कुरा यस गाथाभित्र पुष्टि गरिएको छ, जस्तै :

फलाना-फलाना जग्गामा, तेरी रानी सूर्यको मर्दको मुखै नहेरी बसेकी छिन् (शर्मा र लुइटेल, ऐ. पृ. २३५) ।

यहाँ हिन्दू धर्मको मान्यताबमोजिम एउटी असल श्रीमतीले परपुरुषको अनुहारमा सिधा नजरले हेरेमात्र पनि पाप लाग्ने कुराको वर्णन गरिएको छ । हिन्दू धर्मले सामाजिक बन्धनका लगाम लगाउन सम्पूर्ण नीतिनियम र अनुशासनको दायरा महिलाका विपक्षमा बनाइएका छन् भने स्वतन्त्रता र सहजताका लागि पुरुषलाई यी कुनै नियम नलाग्ने समेत घोषणा गर्ने पितृसत्तापरक नेपाली समाज रहेको प्रमाण यस गाथाभित्र प्रस्तुत भएको छ ।

यस गाथाभित्र दश तोला विष सेवनपछि राजाको मृत्यु हुनु र रानीको समेत मृत्यु भएको र अर्को जुनीमा परेवापरेवीको जुनी पाउनुको वर्णनले चौरासी लाख जुनी माथि विश्वास राख्नुजस्ता हिन्दू धर्मका मान्यताको विशेष वर्णन गरिएको छ, जस्तै :

यिनलाई परेवाको जुनि दिनू, गुँडमा हुन्छन् दुईभान
राजारानीले बोलेका वाचा पनि पुग्छन्, भुईंमा झरे भालेपोथी हुन्छन्
परेवापरेवीको जुनी पो पाए (ऐ. ऐ. पृ. २३५) ।

गाथाभित्र रानीले सपनामा समेत नुहाउनुधुवाउनु र बुकुवा, चन्दन लगाउनु र हरिया-हरिया चुरा पहिरनुले क्षेत्री बाहुन जातिको संस्कारलाई प्रस्तुत गरेको छ । यहाँ चाँदीको कोपरा र सुनको झरीमा पतिका पाउ धोएको

पानी शिरमा चढाउने र पतिलाई परमेश्वरका रूपमा मान्ने परम्परा मूलतः क्षेत्रीब्राह्मण जातिमा रहेको सामाजिक मान्यता हो । यस कुराको पुष्टिका लागि तलको उदाहरण प्रस्तुत गरिएको छ :

आफ्नै ठानी नमानी तिमीले शङ्का, आज राती सपनीमा नुवायौधुवायौ बुकुवा र चन्दन लगायौ (ऐ. ऐ.) ।

नेपाली समाजमा हिन्दू धर्ममा संस्कारमा दिनहुँ नुवाइधुवाइ गर्ने, मन्दिर जाने, पाठपूजा गर्ने, निधारमा चन्दन लगाउने परम्परा रहेको कुरा यस गाथाले स्पष्टसँग देखाइएको छ । यहाँ ब्राह्मणलाई दान दिने समाजको विचार रहेको छ । ब्राह्मणलाई तृप्त पार्नाले मनोकामना पूरा हुने धार्मिक रुढिगत विचारलाई गाथाभित्र प्रस्तुत गरिएको छ । यो धार्मिक चिन्तन वा विचार हो । राजारानीले पुनर्जन्ममा प्रेमीप्रेमिकाको रूपमा जन्म पाउनु अघिल्लो जुनीको राम्रो कामले गर्दा नै हो भन्ने धार्मिक मान्यता गाथामा रहेको छ । अघिल्लो जुनीमा सत्कर्म गर्नेले मात्रै यस जुनीमा सहज रूपमा जीवनयापन गर्न सक्छ भन्ने लोकविश्वास हिन्दू धर्मभित्र रहेको छ। जन्म र पुनर्जन्मका मान्यता हिन्दू धर्मभित्रका विश्वासहरू हुन् । यही हिन्दू धार्मिक विश्वासलाई गाथाले जोड दिएको छ।

## सांस्कृतिक विचार

'मनकोइला रानी' गाथाभित्र तत्कालीन समयमा रहेको संस्कृतिको चित्रण गरिएको छ । यस गाथाभित्र बालविवाह गर्ने प्रचलन रहेको कुरा वर्णित छ । यहाँ बाह्र वर्षका राजा र पाँच वर्षकी रानी विवाहबन्धनमा बाँधिएका छन् । मूलतः तत्कालीन नेपाली समाजमा रजस्वला हुनुअगावै कन्यादान गरी छोरी अन्माउने संस्कृतिले मात्रै मृत्युपछि स्वर्गलोक पुग्न सक्ने लोकविश्वासले यो संस्कृतिको निर्माण भएको हो, जस्तै :

पापी मन धरकन लाग्यो राजै ज्यू ! पापी मन धरकन लाग्यो...
बारै बरिसका उदयचन्द्र राजा, पाँचै बरिसकी रानी मनकोइला (ऐ. ऐ. २३४)

'मनकोइला रानी' गाथाले तत्कालीन नेपाली समाजमा संस्कृतिका नामले नागरिक सक्षम र योग्य हुन र स्वावलम्बी बनेर स्वतन्त्र भएर बाँच्ने अधिकार खोसेकोछ। यस गाथाभित्र वरवधु दुबै नाबालक अवस्थामा विवाहित छन्। नेपाली समाजभित्र बालविवाहको संस्कृतिको जगेर्ना गर्ने कार्य यस गाथाले गरेको छ। हिन्दू धर्म र संस्कृतिले गाईलाई लक्ष्मीका रूपमा पूजा गर्ने परम्परा रहेको कुरा गाथाभित्र रहेको छ । तत्कालीन समयमा गाईदान गर्नु, तीर्थव्रत गर्नु र ब्राह्मणलाई खुवाएर तृप्ति गराउन सक्नु यी सबै धर्म कमाउने संस्कृतिजन्य कुरा हुन्, जस्तै :

अठहत्तर सय तीर्थ घुमी अठहत्तर साय गाई दान गर्छु
अठहत्तर सय बाहुन खुवाउँछु तबभित्र पसौँला (ऐ.ऐ. पृ. २३५)

दानधर्म गरेपछि आफूले गरेका पाप तथा गल्तीहरू नास हुने र भगवानले आफूलाई माफ गरिदिने मान्यता नेपाली समाजभित्र गाडिएर रहेको छ । समाजमा महिलाले चुरा, पोते, धागो, सिन्दुर, चोलिया, चुनरी लगाएर शृङ्गारकासाथबस्नुपर्ने त्यसले मात्र पतिभक्ति देखिने र पतिलाई सम्मान गरेको अर्थ झल्किने परम्परालाई संस्कृति रहेको छ। यस गाथाभित्रका यही विश्वासले जरो गाडेको देखिन्छ। राजाले विवाहपश्चात् रानीलाई घरमा छोडेर बेखबर रहे तापनि रानीले पतिभक्तिका कारणले राजालाई खोजिरहेको आदर्शगाथामा रहेको छ। बालकृष्ण समको मुकुन्दइन्दिरा नाटकमा पनि'पति भक्ति त मर्दैन पापी पति भए पनि'भनेर पतिभक्तिगान गरिएको छ (सम, २०७४, पृ. ९२) ।समको यो विचार नेपाली समाजको लोकसांस्कृतिक विश्वासका आधारमा रहेको निर्मिति हो । यही विचारलाई लोकगाथाले स्थापित गरेको छ ।

'मनकोइला रानी'को गाथाले मूलतः नेपाली समाजको क्षेत्री, ब्राह्मण जातिको बढी चर्चा गरेको छ । यस गाथाभित्र बालविवाह गरी जीवन सुरुवात गर्ने परम्परा क्षेत्रीब्राह्मण जातिमा चलेको र राजाले रानीलाई अनावश्यक बढी शङ्का गर्नुले पनि क्षेत्रीब्राह्मण जातिको संस्कारको प्रस्तुति रहेको देखिन्छ। यहाँ परिवारमा पुरुष बढी स्वतन्त्र हुँदाहुँदै पनि रानीमाथि राजाले यहाँ शङ्का गरेका छन् । जोगीको रूपधारण गरेर घर आएका राजाले रानीको पतिभक्तिको परीक्षण गरिरहेका छन्, जस्तै :

अनरूपी जोगिया भै राजा भेट्न आए, आगनमा अलख जगाए । (शर्मा र लुइटेल, ऐ., पृ. २३५)

नेपाली समाजमा रहेका बालविवाह, दानधर्मको परम्परा, पतिभक्ति जस्ता पक्षलाई सांस्कृतिक परम्पराका रूपमा यस गाथामा स्थापित गरी तिनैका पक्षमा विचारप्रवाह गरेको पाइन्छ । यहाँको सांस्कृतिक वैचारिकता हिन्दू धर्म र यसमा आधारित प्रचलनसँग सापेक्ष रहेको छ ।

## निष्कर्ष

'मनोकोइला रानी' को गाथाभित्र राज्य सञ्चालन गर्नका लागि राजाको नेतृत्व चाहिने र राजसंस्थाबाट सञ्चालित नियमका आधारमा निर्देशित भएर जनता वा प्रजाले जीवनयापन गर्नुपर्ने विचार व्यक्त गरिएको छ । यहाँ उच्च शक्तिद्वारा शासन गरिने र निम्न शक्ति शासक बन्ने कुरा उल्लिखित छ । यसबाट गाथाले समाजमा वर्गीय उपस्थितिको धरातल निर्माण गरेको र राजा र प्रजाको अवधारणामार्फत् शासकमा शक्ति रहने र शासितलाई त्यसका अधीनमा बस्न आग्रह रहेको स्पष्ट हुन्छ । यहाँ समाजमा महिलाहरूलाई हेर्ने दृष्टिकोण पुरुषनियन्त्रित रहेको छ । यहाँ पुरुषहरूमा स्वतन्त्रता र नारीलाई सामाजिक नियम र बन्धन लाग्ने विभेदकारी विचारको प्रधानता रहेको छ । यसबाट गाथाले पुरुषप्रधान समाज र महिलालाई भिन्न दर्जामा राख्ने विचारको प्रतिनिधित्व हुन्छ । नेपाली समाज धार्मिक मान्यताले निर्मित छ । हिन्दू धर्म र यसका मान्यताले सामाजिक नियमहरू निर्मित छन् । यहाँ धर्मको अनुपालन गरेर रहनुलाई अनिवार्य मानिएको छ । नेपालीसमाजका मान्छे तीर्थ, व्रत, दान, दक्षिणा गरेर मोक्ष प्राप्तिका लागि तत्पर रहने सामाजिक मान्यतालाई यस गाथाले प्रस्तुत गरेको छ । यहाँ दान, दक्षिणा प्रदान गर्न ब्राह्मण जाति मात्रै योग्य हुने संस्कृतिलाई स्वीकार गरिएको छ । हिन्दू धर्मशास्त्रअनुसार गाईको पूजा, चन्दनको विरुवा रोप्ने र चन्दन निधारमा लाउने तत्कालीन संस्कार र संस्कृति हो । गाथाले यसैलाई जोड दिएको छ । समग्रमा 'मनकोइला रानी'को गाथाले समाजमा वर्गीय धरातलको स्थापना, पुरुषप्रधान चिन्तन र हिन्दू धार्मिक परम्परा र सो अनुसारका सांस्कृतिक पक्षको संरक्षण र प्रवर्द्धनलाई सशक्त पार्ने विचारप्रवाह गरेको निष्कर्ष निस्कन्छ ।

## सन्दर्भसामग्री


अज्ञात, (२०५८). *स्वस्थानी व्रतकथा.* वाराणसी : श्री दुर्गा साहित्य भण्डार. नेपाली खपडा ।

चौहान, ईश्वर (२०७३).एक चिहान उपन्यासमा प्रजाति, क्षण र पर्यावरण. *सिद्धान्त र समालोचना.* काठमाडौँ : रत्न सागर प्रकाशन गृह ।

जैन, निर्मला (सन् १९९२). *साहित्यमा समाजशास्त्रीय चिन्तन.* दोस्रो संस्क. दिल्ली : दिल्ली मोर्डन टाउन ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (१९८९). *साहित्य के समाजशास्त्री की भूमिका.* चण्डीगढ : हरियाणा साहित्य आकादमी ।

बराल, ऋषिराज (२०७३). *मार्क्सवाद र सबाल्टर्न अध्ययन.* ललितपुर : साझा प्रकाशन ।

बोउवार, सिमोन द (२०६०). *महिला.* (अनु. रमेश सुनुवार). काठमाडौँ : प्रगति पुस्तक सदन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्र (२०६३). *लोकवार्ताविज्ञान र लोकसाहित्य.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्र (२०७२). *पूर्वीय र पाश्चात्य समालोचना.* चौथो संस्क. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सम, बालकृष्ण (२०७४). *मुकुन्द-इन्दिरा.* पच्चीसौँ संस्क. ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०७३). *सांस्कृतिक अध्ययन र नेपाली साहित्य.* काठमाडौँः पाठ्य सामग्री प्रकाशन ।


❑